# स्थानीय राजपत्र


## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (५), संख्या ५, हुप्सेकोट, फागुन ०३ गते बुधबार, २०७९ साल


# भाग १

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल उल्लेखित बमोजिमको ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## "हुप्सेकोट गाँउपालिका खेलकुद विकास ऐन, २०७९"

हुप्सेकोट गाउँपालिका

**प्रस्तावना :**

हुप्सेकोट गाउँपालिका खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडी व्यावसायिक सुरक्षा, वडास्तरीय, पालिकास्तरीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम हुप्सेकोट गाउपालिकाको दोस्रो गाउसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम "हुप्सेकोट गाँउपालिका खेलकुद विकास ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:,

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित नगर खेलकुद विकास समितिको अध्यक्ष सम्झिनु पर्छ।

(ख) "खेलकुद सम्बन्धि सस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झिनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ)“खेलकुद समिति" भन्नाले दफा ३ बमोजिम गठित भएको गाँउ नगर खेलकुद विकास समिति सम्झिनुपर्छ।

(ङ) "सदस्य" भन्नाले दफा ३ वमोजिमको समिति सदस्य सम्झिनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउनेछ।

(च) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम गाउँ खेलकुद विकास समितिको सदस्य-सचिव सम्झिनु पर्छ।

हुप्सेकोट गाउँपालिका

(छ) "समिति" भन्नाले दफा १२ बमोजिम गठित भएको खेलकुद विकास समिति सम्झिनु पर्छ।

(ज)"गाउँपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकालाई सम्झिनु पर्छ।

(झ)"कार्यपालिका सदस्य" भन्नाले हुप्सेकोट गाउँपलिकाको कार्यपालिकाका सदस्यलाई सम्झनु पर्छ ।

(ञ)"प्रमुख" भन्नाले हुप्सेकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ट)"उप-प्रमुख" भन्नाले हुप्सेकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ठ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## खेलकुद विकास समिति सम्बन्धि व्यवस्था

**३. गाउँ खेलकुद विकास समितिः** (१) गाउँमा खेलकुदको विकास गर्नका लागि एघार सदस्यीय गाउँ खेलकुद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहने छन् ।

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति- अध्यक्ष

(ख) गाउँ सभा सदस्य मध्यबाट गाउँपालिका अध्यक्षको सिफारिसमा गाउँ कार्यपालिको निर्णय बमोजिम एक जना —सदस्य

(ग) हुप्सेकोट गाउँपालिका भित्रका विद्यालयका खेलकुद शिक्षकहरुबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना- सदस्य

(घ) विभिन्न विधाको खेलकुदमा योगदान पुयाएका तथा अध्ययन अनुसन्धान प्रर्वधनात्मक कार्य गरेका व्यक्ति मध्य गाउँपालिका अध्यक्षले मनोनित गरेको एक

जना महिला सहित तीन जना र समितिको सिफारिसमा गाउँपालिका अध्यक्षबाट मनोनित तीन जना गरि छ जना —सदस्य

(ङ) गाउँपालिकाको युवा तथा खेलकुद हेर्ने शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी अधिकृत एक जना -सदस्य

(च) गाउँपालिका अध्यक्षले नियुक्त गरेको व्यक्ति एक जना- सदस्य सचिव

(३) समितिको बैठकमा खेल क्षेत्र सँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको सचिवालय गाउँपालिकाको गाउँ कार्यपालिकामा रहने छ ।

**४. पदावधिः** (१) दफा (३) को उपदफा (२) बमोजिम गठित समितिको पदावधी तिन वर्ष हुनेछ ।

(२) दफा (३) को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपुर्ति गरिनेछ ।

(३) दफा (३) को उपदफा (२) को खण्ड (घ) र (च) सम्मका मनोनित वा नियुक्त हुने सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा गाउँ खेलकुद विकास समितिले त्यस्तव सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सकिनेछ । तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**५. समितिको काम, कर्तव्य र अधिकारः** दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिलाई खेलकुद सम्बन्धि निति तथा कार्यक्रको विषयमा सुझाव दिने ।

(ख) गाउँपालिका स्तरीय लगाएतका खेलकुद प्रतियोगिता आयोजना गर्ने, गराउने ।

(ग) अन्तर गाउँ, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिने खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने व्यवस्था मिलाउने ।

(घ) खेलकुदको विकास प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने, गराउने ।

(ङ) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने, गराउने ।

(च) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग एंव सहजिकरण गर्ने, गराउने ।

(छ) आफ्नो तह र मातहतका खेलकुद सम्बन्धि संघसस्थाको नियमन गर्ने ।

(ज) स्वदेशी तथा विदेशी प्रशिक्षणवाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडिको छनौट गरि विदेशमा समेत तालिम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउदा परराष्ट्र मन्त्रालय, संघीय खेलकुद परिषद्को प्रचलित कानुन बमोजिम प्रक्रिया पुरा गर्नुपर्नेछ ।

(झ) अन्तराष्ट्रिय स्तरका खेल प्रविधि भित्रयाई पालिका भित्र संचालन हुने खेलकुदलाई गुणस्तरीय बनाउने ।

(ञ) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि कार्यविधि तयार गरि गाउँपालिका समक्ष सिफारिस गर्ने ।

(ट) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्ने ।

(ठ) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने, गराउने

(ड) खेलकुद विकासका लागि गोष्ठी, सेमीनार, आयोजना गर्ने ।

(ढ) खेलकुद पर्यटनको विकास गर्ने ।

(ण) परम्परागत, लोपउन्मुख खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने ।

(त) गाउँ खेलकुद विकासमा लागि प्राथमिकीकरण गर्ने, गराउने ।

(थ) खेलाडीको अभिलेख राखे ।

(द) विभिन्न खेलकुद र आवश्यकता अनुसार उप-समिति गठन गर्ने ।

(ध) समितिले गाउँपालिकाको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

(न) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यस्था गर्ने, गराउने ।

(प) वडागत तहमा खेलकुद विकास समिति विस्तार गर्दै लैजान सक्नेछ ।

**६. सदस्यता नरहने अवस्थाः**देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ,

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरीएमा।

(ख) राजिनामा गरेमा।

(ग) मृत्यु भएमा ।

(घ) सूचना नदिई लगातार तिन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

(ङ) दफा ४ को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले हटाएमा ।

**७. सदस्य सचिवको काम, कर्तव्य र अधिकार, नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धि व्यवस्थाः** (१).सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) अध्यक्षले तोके बमोजिम समितिको बैठक बोलाउने,

(ख) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ग) खेलकुद समिति सम्बन्धमा नीति, निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(घ) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिबाट स्वीकृत खेलकुद सम्बन्धि नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(च) बार्षिक योजना, कार्यक्रम तयार गरि समिति समक्ष पेश गर्ने,

(छ) बार्षिक प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्ने,

(ज) समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

हलेसी गाउँपालिका

(२) सदस्य सचिवको नियुक्ति योग्यता, पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धि व्यवस्थाः (१) देहाय बमोजिम योग्यता पुगेका व्यक्तिलाई गाउँपालिका अध्यक्षबाट सदस्य सचिवमा नियुक्ति गरिनेछः-

(क) नेपालि नागरिक,

(ख) माध्यमिक तह (१०+२) उत्तिर्ण वा सो सरह उत्तिर्ण गरेको,

(ग) राष्ट्रिय स्तरको खेलाडी, रेफ्री, प्रशिक्षक, व्यवस्थापक वा खेलकुदको क्षेत्रमा विशेषज्ञता हासिल गरेको, लब्ध प्रतिष्ठित सामाजिक एंव खेलकुद कार्यमा संलग्न,

(घ) १८ वर्ष उमेर पूरा भई ४० बर्ष ननाघेको,

(ङ) कुनै कानुनले अयोग्य नठहरिएको ।

(३) सदस्य सचिवको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धि व्यवस्था गाउँ कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**८. पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्य सचिव र मनोनित सदस्यको पद रिक्त भएको मानिने छः-

(क) गाउँपालिका समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा,

(ख) पदेन बाहेकका सदस्यको हकमा कार्यपालिकाको निर्णयानुसार,

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरेमा,

(घ) निजको मृत्यु भएमा ।

**९. समिति बैठक र निर्णय :**(१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्येबाट अध्यक्षले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

हुप्सेकोट गाउँपालिका

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ ।

(५) अध्यक्षले आवश्यक ठानेमा जुनसुकै बेला पनि बैठक एक भन्दा बढी पटक बोलाउन बाधा परेको मानिने छैन ।

(६) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नु पर्नेछ ।

(७) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन ।

(क) गैह्र नेपाली नागरिक

(ख) पदेन बाहेकका कर्मचारी

(ग) नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरीएको

**११. खेलकुद सम्बन्धि संस्थाको दर्ताः** (१) खेलकुद सम्बन्धि क्रियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता सुचिकरण समिति मार्फत गाउँपालिकामा हुनेछ ।

(२) यस अघि अन्य निकायमा दर्ता सुचिकरण अध्यावधिक रहेका खेलकुद सम्बन्धि संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ ।

**१२. दर्ताको लागि निवेदन दिनु पर्नेः**(१) दफा ११ वमोजिम नाम दर्ता सुचिकरण गराउन चाहने खेलकुद सम्वन्धि संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम र ठेगाना

(ख) सञ्चालन गरिने खेलकुद

(ग) कार्यकारिणी समितिका सदस्यको नाम र ठेगाना

(घ) विधानको प्रमाणित प्रतिलिपि

हल्दीबारी गाउँपालिका

(ङ) वार्षिक कार्ययोजना र आयस्रोत

**१३. नाम दर्ता सुचिकरण गर्न सक्नेः**

(१) दफा १२ बमोजिम नाम दर्ता सुचिकरण गराउनको लागि दरखास्त परेमा समितिले तीस दिन भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सुचिकरण गर्ने सक्नेछ ।

(२) समिति उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएको सो को सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

**१४. विधान संशोधनको सूचनाः**

(१) यो ऐन बमोजिम समितिमा नाम दर्ता सुचिकरणको भएको खेलकुद सम्बन्धि संस्थाले दफा १२ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको तीन महल तयार गरी सूचना तीस दिन भित्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

**१५. हिसाबको श्रेस्ता राखु पर्नेः** (१) खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राखु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको जाँचवुझ गाउँपालिकाले जहिले सुकै गराउन सक्नेछ ।

**१६. निर्देशन दिनेः** (१) समितिले मातहातका खेलकुद सम्बन्धि संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धि संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्वन्धि संस्था वा दफा १७ बमोजिम समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाव किताबको श्रेस्ता नराखे

वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धि संस्थाको नाम समितिले आफ्नो सुचिकरणबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) समितिले आफ्नो सुचिकरणवाट कुनै खेलकुद सम्बन्धि संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धि संस्थालाई ३० दिन भित्र दिनु पर्नेछ ।

**१७. स्वीकृत लिनु पर्नेः** खेलकुद सम्बन्धि संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा सुचिकरण अन्तराष्ट्रियय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँमा हुने खेलकुद प्रतियोगिता राष्ट्रिय अन्तराष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्वीकृत लिनु पर्नेछ ।

**१८. सम्झौता गर्दा गाउँपालिकाबाट स्वीकृत लिनु पर्नेः**गाउँपालिकाले आफ्नो कार्य सञ्चालनको शिलशिलामा विदेशी सरकार वा अन्तराष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृती लिनु पर्नेछ ।

**१९. सदस्यको भत्ताः** (१) सदस्यले गाउँपालिकाको बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

**२०. समितिमा रहने कर्मचारीः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाबाट स्वीकृत संगठन संरचना र दरवन्दी बमोजिमको कर्मचारी रहनेछन ।

(२) गाउँपालिकाले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगाएतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका कर्मचारी आवश्यकता अनुसार गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

## विविध

**२१. अधिकार प्रत्यायोजनः** गाउँपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२२. गाउँपालिकाले निर्देशन दिन सक्नेः**(१) गाउँपालिकाले खेलकुद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२३. खेलाडीको व्यवसायिक सुरक्षाः**तोकिए बमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

**२४. अनुमति तथा समन्वयः** गाउँपालिका भित्र आयोजना हुने सम्पुर्ण खेल सञ्चालन पूर्व समितिसँग आवश्यक अनुमति लिनु पर्नेछ । खेल सञ्चालनको समयमा गाउँपालिकासँग समन्वय गर्नु पर्नेछ ।

**२५. सजाय र कारवाहीः** (१) समितिले देहाय वमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ ।

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धि संस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिवाना र सोही कसुर दोहोराएमा समिति वा संस्था खारेजी ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धावाट आउने स्वभाविक परिणामलाई प्रतिकुल हुने गरि मिलेमतोमा वा प्रलोभनमा पारी खेल खेले वा खेलाएमा, वडा स्तरीय खेल प्रतियोगिताको हकमा पाँच हजार रुपैयाँ जरिवाना र एक वर्षसम्म सोही स्तरको खेलवाट प्रतिबन्ध। गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताको हकमा दश हजार रुपैयाँ जरिवाना र एक वर्षसम्म सोही स्तरको खेलबाट प्रतिवन्ध ।

(२) उपदफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैतिस दिन भित्र गाउँपालिकामा पुनरावेदन दिन सकिनेछ ।

**२६. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य परिपुर्तिको लागि गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**२७. यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमाणीकरण मितिः२०७९/११/०२**
**राजपत्रमा प्रकाशित मितिः २०७९/११/०३**

**आज्ञाले**
**सुरेन्द्र प्रसाद बस्याल**
**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका